कान्तिपुर आइतबार, १० चैत, २०७५ KANTIPUR Sunday, March 24, 2019

# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४४३४९२१, ४४३४९२२

## केन्द्रीय कार्यालयको लागि जग्गा खरिद सम्बन्धी प्रस्ताव माग गरिएको सूचना

यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयको लागि देहायका स्थान वा क्षेत्रमा देहाय अनुसारको सुविधा भएको जग्गा आवश्यक भएकोले बिक्री गर्न इच्छुक व्यक्ति/संस्थाले निर्धारित शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. बिक्री गर्न चाहेको जग्गा काठमाडौं उपत्यकाको चक्रपथ (रिङ्गरोड) भित्र वा चक्रपथ (रिङ्गरोड) आसपास कम्तीमा पनि ८ मिटरको मूल बाटो (पिच बाटो) ले छोएको एक देखि डेढ रोपनी हुनुपर्नेछ।
२. खानेपानी, नेपाल विद्युत प्राधिकरणको विद्युतिय लाइन (३ फेज) तथा ढलको राम्रो व्यवस्था भएको साथै मुद्दा मामिला/भै-झगडा नपरेको, मोहीको विवाद नरहेको, कानुनी रुपमा जग्गाको स्वामित्व हक हस्तान्तरण गर्न बन्देज नरहेको जग्गाको यकिन हुने तथा जग्गाधनीको एकलौटी हक भोग रहेको प्रमाण पेश गर्नुपर्नेछ। यदि जग्गामा एक भन्दा बढी हकदार भए हकदारहरुको लिखित मन्जुरीनामा पेश गर्नुपर्नेछ।
३. बिक्री गर्न चाहेको जग्गाको साध सिमाना स्पष्ट र निर्विवादित भएको हुनुपर्ने छ।
४. बिक्री गर्न चाहेको जग्गाको मूल्य प्रति आना/रोपनी मूल्य अंक र अक्षरमा स्पष्ट उल्लेख हुनुपर्नेछ। कुनै विवाद भएमा अक्षरलाई मान्यता दिइनेछ।
५. प्रस्तावित जग्गाको आवश्यक कागजात, जग्गाधनी पूर्जा, प्राकृतिक व्यक्ति भए नेपाली नागरिकताको प्रतिलिपि लगायत चालु आ.व.मा तिरो तिरेको रसिदको प्रतिलिपि र चारकिल्ला प्रमाणित समेत संलग्न हुनुपर्नेछ। उक्त जग्गाको कित्ता नं. स्पष्ट देखिने गरी ब्लुप्रिन्ट नक्सा अनिवार्य पेश गर्नुपर्नेछ।
६. मिति २०७६/०१/१५ गते दिनको ५:०० बजेभित्र भित्र निवेदन सहित रु.१० को टिकट टाँस गरी खामको बाहिरपट्टी "**स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. जग्गा बिक्री प्रस्ताव**" भनी उल्लेख गरी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बालुवाटारमा बुझाउनु पर्नेछ।
७. जग्गाको क्षेत्रफल प्रस्ट छुट्टिने गरी बाउण्ड्री गरेको हुनुपर्नेछ।
८. प्राप्त सिलबन्दी प्रस्तावहरु मिति २०७६/०१/१६ गते दिउसो ३:०० बजे वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौंमा प्रस्तावकहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रस्ताव खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा खोलिने छ। सम्बन्धित प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पुग्ने छैन।
९. म्याद नाघी वा रित नपुगी दाखिला भएका प्रस्तावहरुलाई कुनै मान्यता दिइने छैन।
१०. कुनै पनि शर्त राखी प्रस्ताव पेश गर्न पाइने छैन।
११. जग्गाधनी स्वयंले वित्तीय संस्था समक्ष उपस्थित भई प्रस्ताव पेश गर्नु पर्नेछ।
१२. प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ।